# खैरहनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय चितवन

## बागमती प्रदेश नेपाल

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०१/१४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय राजस्व परामर्श समितिको निर्णय अनुसार यस नगरपालिकाको वडा नं. १ को वडा कार्यालय अगाडि रहेका सटरहरु भाडामा लगाउनु पर्ने भएकोले PAN मा दर्ता भएका ईच्छुक व्यक्ति, फर्म तथा संस्थाबाट ७ दिन भित्र दरभाउपत्र पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ। तपसिलमा तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्नलिखित शर्तहरुको अधिनमा रहि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना आव्हन गरिन्छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रु. | दरभाउ पत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १ | २८/०७८/७९ | नगरपालिकाको वडा नं. १ को कार्यालय अगाडि रहेका ३ वटा सटरहरु भाडामा लिने प्रस्ताव (२०००।- X ३ X ३ वर्ष) | २,१६,०००।- (कर समेत) | १,०००।- |

**शर्तहरु :-**

(१) दरभाउपत्र पेश गर्ने व्यक्तिको हकमा स्थायी लेखा नं. र नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा संघ संस्थाको हकमा नविकरण गरेको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., कर चुक्ताको प्रतिलिपी पेश गरेमा दरभाउपत्र फाराम खरिद तथा पेश गर्न पाईनेछ।

(२) तोकिएको दस्तुर नगदै दाखिला गरी मिति २०७९/०१/२० गतेसम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

(३) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

(४) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने रकम जमानत वापत यस कार्यालयको कृषि विकास बैङ्क पर्सा शाखा स्थित ०५०९१०११५१०६४०४३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ।

(५) दरभाउपत्र मिति २०७९/०१/२१ गते मध्यान्ह १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। दरभाउपत्र दाखिला गर्दा सिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ।

(६) पेश हुन आएका दरभाउपत्र सोही दिन अपरान्ह २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र पेश गर्ने तथा खोल्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

(७) प्रस्तावको सञ्चालन अवधि ३ वर्षको हुनेछ। सो अवधीको समाप्ती पछि दुवै पक्षको आपसी सहमतीमा समयावधि थप गर्न सकिने छ।

(८) प्रस्तावदाताले कबोल गरेको अंकमा प्रत्येक २/२ वर्षमा भाडा रकममा १० प्रतिशतका दरले वृद्धि हुनेछ।

(९) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकमको हिसाबले हुन आउने ६ महिना बराबरको रकम एकमूष्ठ रुपमा बुझाउनु पर्नेछ। सो रकम दाखिला पछि प्रस्तावदातासंग सम्झौता गरी ६ महिनाको लागि कार्यदेश दिईनेछ। ६ महिनाको अवधि समाप्त हुनु एक महिना अगावै बाँकी ६ महिनाको हुन आउने रकम दाखिला गरी कार्यादेश लिनु पर्नेछ। प्रस्तावदाताले एक वर्षको हुन आउने रकम अग्रिम दाखिला गरेमा सो रकमको ५ प्रतिशत छुट दिईनेछ। तर न्यूनतम रकम भन्दा कम हुने गरी छुट दिईने छैन। म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्र दातालाई ठेक्का दिईनेछ। प्रत्येक किस्ता तोकिएको समयमा दाखिला नगरेमा कुनै पनि समय कार्यालयले ठेक्का रद्द गर्न सक्नेछ।

(१०) विगत वर्षहरुमा नगरपालिकाको कुनै पनि ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन्। नगरपालिकाबाट कालो सूचीमा परेका व्यक्ति वा फर्मले दरभाउपत्र पेश गर्न पाईने छैन।

(११) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

(१२) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्रदाताले राखेको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ।

(१३) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत
खैरहनी नगर कार्यपालिकाको कार्यालय, चितवन